# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।१२।०५ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रौतहट, ईशनाथ नगरपालिका, वडा नं. ५ स्थित श्री आधारभूत विद्यालय लक्ष्मिनिया, जटहरामा २ कोठे पक्की भवन निर्माण गर्दा मापदण्ड, गुणस्तर र इष्टिमेट विपरीतको कार्य गरी भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **ईशनाथ नगरपालिका नगर कार्यपालिका, रौतहटका तत्कालीन इन्जिनियर सत्यपाल सौरभ**ले तयार गरेको Work complete report मा रहेको Brick Masonary work in (1:6) cement mortar को कार्य फिल्डमा वास्तविक ४७.८४ Cu.m. भएकोमा ५३.३७ Cu.m.उल्लेख गरी सम्झौतासाथ संलग्न गरिएको इष्टिमेटको दररेटअनुसार बढी Quantity 5.53 cu.m. को हुने रु.६०,८५२/१५ यसै गरी Item 6 को PCC work (1:2:4) मा 1.74 cu.m. फिल्डमा वास्तविक कार्य भएकोमा 3.67 उल्लेख गरी बढी देखाइएको 1.93 cu.m. को हुने रु.२५,७९५।४८ गरी जम्मा रु.८६,६४७।६३ बढी भुक्तानी गर्न प्रतिवेदन/विल तयार गरी पेश गरेको हुँदा निजलाई बिगो रु.८६,६४७।६३ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) बमोजिम झुट्टा बिल बनाई बढी भुक्तानी दिन सिफारिस गरेको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन साथै निजले भवनको छानामा UPVC प्रयोग गरेको अवस्थामा नापी कितावमा वास्तविकभन्दा फरक हुने गरी CGI Sheet उल्लेख गरेको एवं बढी भुक्तानीका लागि गलत प्रतिवेदन तयार गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसुर भएको हुँदा निजलाई सोही ऐनको दफा १९(२) बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ।

**ईशनाथ नगरपालिका नगर कार्यपालिका, रौतहटका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत** किशोर गुप्ताले अन्तिम भुक्तानीका लागि प्राविधिकबाट तयार गरिएको नापी किताव र कार्य सम्पन्न प्रतिवेदनमा रु.१४,३५,९००/- बरावरको कार्य सम्पन्न भएको देखिएतापनि प्राविधिक प्रतिवेदन अनुसार विद्यालय (उपभोक्ताले) बेहोर्ने रकम रु.७१,७९५/- कट्टा गरी रु.१३,६४,१०५/- मात्र नगरपालिकाले भुक्तानी दिनुपर्नेमा अन्तिम किस्ता भुक्तानी गर्दा सम्झौताबमोजिम पेश गर्नुपर्ने विद्यालयको माग निवेदन, नापी किताव, कार्य सम्पन्न प्रतिवेदन, प्राविधिकको सिफारिससमेतका कागजातहरु चेकजाँच नगरी बाँकी रकम फुकुवा/निकासा गरी भुक्तानी नहुनुपर्ने रु.२,३५,८९५/- बढी भुक्तानी दिएको देखिएको हुँदा निजको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) बमोजिमको कसुर भएको हुँदा रु.२,३५,८९५/- बिगो कायम गरी निजलाई सोही ऐनको दफा ८(१) बमोजिम कैद र बिगो बमोजिमको जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिइएको छ।

**आधारभूत विद्यालय, लक्ष्मीनिया, रौतहटका तत्कालीन प्रधानाध्यापक मुहमद समिम अख्तरले** प्राविधिकबाट अन्तिम भुक्तानीका लागि बनाइएको कार्य सम्पन्न प्रतिवेदन अनुसार नगरपालिकाबाट प्राप्त

रकमसमेतबाट सम्झौता बमोजिम जम्मा रु.१४,३५,९००/- मा गलत नापजाँच गरी थप गरिएको बढी रकम रु.८६,६४७।६३ घटाई हुन आउने रकम रु.१३,४९,२५२।३७ मात्र खर्च हुनुपर्नेमा प्राप्त विल भरपाई र लेखापरीक्षण प्रतिवेदनसमेतका आधारमा जम्मा रु.१६,५३,०५०।०० खर्च देखाई हुँदै नभएको कामको झुट्टा विल पेश गरी रु.३,०३,७९७।६३ बढी खर्च लेखेकोले तत्कालीन प्रधानाध्यापक मुहमद समिम अख्तरले झुट्टा विल बनाई बढी भुक्तानी दिने कार्य गरी सार्वजनिक निकायलाई हानिनोक्सानी हुने कार्य गरेकोले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) को कसुर भएको हुँदा निजलाई रु.३,०३,७९७।६३ बिगो कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिई आज बिशेष अदालत काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे